सत्यको लागि चुक्दैनौ झुक्दैनौ हामी...

# प्रदेश समाचार

दैनिक

Pradeshsamachar Daily

बेटी पढाऔ, बेटी बचाउ
गौर नगरपालिका
गौर, रौतहट

बर्ष ३ अंक २३५ २०८२ बैशाख १८ गते बिहिवार मूल्य ५/- पृष्ठ सङ्ख्या ४

## शिक्षक आन्दोलनः सरकार र महासंघबीचको वार्ता सकारात्मक

बैशाख १६, काठमाडौं । सरकार र प्रदर्शनरत शिक्षक महासंघबीच सोमबार साँझ सिंहदरबारस्थित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सम्पन्न वार्ता सकारात्मक निष्कर्षका साथ स्थगित भएको छ। सरकारको तर्फबाट शिक्षामन्त्री रघुजी पन्तको नेतृत्वमा र महासंघको तर्फबाट अध्यक्ष लक्ष्मीकिशोर सुवेदीसहितको टोलीबीच भएको वार्ता अबेर रातिसम्म जारी रहेको थियो। वार्ता अन्तिम सहमतिमा नपुगिए पनि केही तयारी आवश्यक भएकाले हाललाई स्थगित गरिएको हो।

वार्तापछि शिक्षामन्त्री पन्तले वार्ता सकारात्मक दिशामा अगाडि बढेको प्रतिक्रिया दिएका छन्। "केही विषय टुंगो लगाउन बाँकी छ,"



उनले भने, "तर वार्ता सकारात्मक रूपमा अघि बढिरहेको छ।" मन्त्री पन्तले कक्षा १२ को परीक्षा तोकिएको समयमा नै सञ्चालन गर्ने सरकारको तयारी रहेको स्पष्ट पार्दै सरकारले शिक्षकहरूको मागलाई गम्भीरताका साथ लिएको बताए। विद्यालय शिक्षा ऐनको निर्माण, सेवा संरचनामा सुधार लगायतका माग राख्दै शिक्षकहरूले चैत २० गतेदेखि काठमाडौंमा आन्दोलन गरिरहेका छन्। सरकार र महासंघबीचको वार्ता फेरि छिट्टै पुनः सुरु हुने अपेक्षा गरिएको छ।

## काठमाडौंमा सहकारी तथा लघुवित्त पीडितहरुको अर्धनग्न प्रदर्शन

बैशाख १५, काठमाडौं । सहकारी तथा लघुवित्त पीडितहरूले आफ्ना मागहरू पूरा गराउन सोमबार काठमाडौंको माइतीघर मण्डलामा अर्धनग्न प्रदर्शन गरेका छन्।

दिउँसो आयोजित विरोध कार्यक्रममा सहभागीहरूले अर्धनग्न भई आक्रोश व्यक्त गर्दै, "हाम्रो माग पूरा नभए हामी नाङ्गो हुन तयार छौं" जस्ता नाराहरू लगाएका थिए। उनीहरूले सरकार र सम्बन्धित निकायको बेवास्ताप्रति गम्भीर असन्तोष प्रकट गरे। पीडितहरूले



आफूहरूले भोग्नुपरेको अन्याय र आर्थिक शोषण विरुद्ध आवाज उठाउँदै तत्काल प्रभावकारी समाधानको माग गरेका छन्। उक्त प्रदर्शनले सहकारी तथा लघुवित्त संस्थाहरूसँग जोडिएका समस्याहरूलाई फेरि एक पटक सार्वजनिक चासोको केन्द्रमा ल्याएको छ।

## दुबई पठाइदिन्छु भन्दै ठगी गर्ने श्रवण साह रौनियार पक्राउ, पीडित आफैँले समाती प्रहरीमा बुझाए

बैशाख १७, बारा । दुबई रोजगारको सपना देखाएर लाखौं रकम ठगी गर्ने बाराका एक व्यक्ति इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा परेका छन् । परवानीपुर गाउँपालिका-३ निवासी ४५ वर्षीय श्रवण साह रौनियार लाई पीडित आफैँले समाती प्रहरीले बुझाएको हो ।

साहले जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रका ६ जनालाई प्लम्बर हेल्पर र इलेक्ट्रिसियन हेल्पर को रूपमा दुबई पठाउने आश्वासन दिँदै जनही दुई लाख रुपैयाँको दरले रकम उठाएका थिए । पीडितहरूबाट उनले झन्डै १० लाख ९० हजार रुपैयाँ सङ्कलन गरेका थिए । रकम बुझाएपछि विदेश पठाउने प्रक्रिया अघि नबढाई उनले सम्पर्कविहीन भएका थिए । पीडितहरूलाई झुक्क्याउन उनले नक्कली भिसाका कागजात समेत दिएका थिए । पीडितहरूमध्ये अशोक पासवानले १ लाख १० हजार रुपैयाँ नपुग्दा आफ्नै मोटरसाइकल साहको नाममा पास गर्न बाध्य भएका थिए ।

थप ढिलाइ भएमा रकम फिर्ता नहुने डरले पीडितहरूले श्रवणलाई जीतपुरस्थित गढीमाई



मन्दिर नजिकै समातेर प्रहरीमा बुझाएका छन् । प्रहरीले उनलाई नियन्त्रणमा लिएर ठगीसम्बन्धी थप अनुसन्धान गरिरहेको जनाएको छ । यसबिच, ठगीको आरोप लागेका श्रवण साहविरुद्ध उनका वडाका थप तीन जनाले पनि उजुरी दिएका छन् । परवानीपुर गाउँपालिका-२ का हाकिम हवारी, सुरेन्द्र साह र रामबाबु रामले उनलाई पाँच लाख ९० हजार रुपैयाँ विदेश पठाउने भन्दै दिएको दाबी गरेका छन् ।

प्रहरीका अनुसार श्रवण साह ठगीपछि पटक-पटक स्थान परिवर्तन गरी लुकीछिपी बस्दै आएका थिए । पीडितहरूको उजुरी र घटनाको प्रकृति हेर्दा ठगी योजनाबद्ध र सङ्गठित हुनसक्ने आशङ्का गरिएको छ । प्रहरीले साहलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको जनाएको छ ।



भिखारी राय यादव
राजदेवी नगरपालिका कार्यालय
राजदेवी,रौतहट



बिनोद पटेल
वृन्दावन नगरपालिका कार्यालय
बिश्रामपुर,रौतहट

# अमेरिकी कर नीतिका प्रभाव

*छन सोङ*

अमेरिकी भन्सार कर नीतिले अरूको नोक्सानसँगै आफ्नो पनि अहित गर्नेछ। केही समययता अमेरिका सरकारले ‘राष्ट्रिय सुरक्षा वा व्यापार असमानता’ भन्दै अनियन्त्रित रूपमा भन्सार कर बढाई विश्वभरका व्यापार साझेदार सँग ‘बराबर भन्सार कर’ अझ बढी उठाउन लागेको छ। यसबाट वित्तीय व्यापार बजारमा ठुलो विश्वव्यापी तरंग उत्पन्न भएको छ।

अमेरिकाको यो कदमले नियममा टिकेको बहुपक्षीय व्यापार व्यवस्था भंग भएको छ। र, स्वयं अमेरिकी अर्थतन्त्रमा ठूलो प्रतिकूल असर ल्याएको छ। तथ्यांक र प्राज्ञिक अनुसन्धानका दृष्टिकोणबाट हेर्दा अमेरिकी भन्सार कर नीतिले आफ्नो लक्ष्य प्राप्त गर्न असमर्थ रहने मात्र होइन, त्यसले अमेरिकी आन्तरिक अर्थतन्त्रको समस्यालाई समेत बढाइदिएको छ। त्यसबाट अरूको नोक्सान आफ्नो पनि अहितको अवस्था आएको छ।

अमेरिकी ह्वाइट हाउसको सरकारी वेबसाइटमा अप्रिल १६ मा नयाँ अपडेट गर्दै भनिएको छ, ‘चीनले प्रतिशोधात्मक कदम चालेको हुनाले अमेरिकाले चिनियाँ मालसामानमाथि भन्सार कर बढाएर २४५ प्रतिशत पुऱ्याएको छ।’ सन् २०१९ मा फेडरल रिजर्भ र कोलम्बिया युनिभर्सिटी आदि निकायको संयुक्त अनुसन्धानको परिणामले बढाएको भन्सार करको ९० प्रतिशतभन्दा बढीको मूल्य अन्ततोगत्वा अमेरिकी आयातकर्ता व्यापारीहरू र उपभोक्ताहरूले बेहोर्ने हो। अमेरिकी नेशनल रिटेल फेडेरेसनको सन् २०२२ को प्रतिवेदनमा भनिएको छ, ‘भन्सार कर नीतिले अमेरिकी परिवारले प्रतिवर्ष औसत ७०० अमेरिकी डलर बढी खर्च गर्नु परेको छ। यसको सबैभन्दा बढी भार मध्यम तथा न्यू आययुक्त परिवारलाई परेको छ। भन्सार कर ८० प्रतिशतभन्दा बढी हुँदा ९९ प्रतिशत अन्तर्राष्ट्रिय व्यापार रोकिने हुन्छ।

अमेरिकाले असीमित भन्सार कर बढाउनुको एउटा उद्देश्य निर्माण उत्पादन व्यवसायलाई पुनः आफ्नो देश फर्काउनु र आर्थिक सुरक्षा भनिएको थियो। तर, तथ्यांकबाट यस्तो प्रभाव नगण्यमात्र परेको देखिएको छ। बोस्टन कन्सल्टिङ ग्रुपको सन् २०२३ को प्रतिवेदनले जनाउँछ, सन् २०१८ देखि २०२२ सम्म अमेरिकी निर्माण उद्योगको वार्षिक औसत रोजगार वृद्धि दर सरकारले लक्ष्य राखेभन्दा धेरै कम ०.३ प्रतिशतमात्र थियो। निर्माण उद्योगको पुनरावृत्तिका निम्ति पूर्ण उत्पादन आवश्यक हुन्छ। लागत मूल्यको मात्र हिसाब गरेर पुग्दैन। अमेरिका आफ्नैको श्रमको मूल्य उच्च छ। आधारभूत भौतिक संरचना पुराना भइसकेका छन्। वातावरणमा गम्भीर असर पर्नेछ। यी कुराले अमेरिकामा निर्माण उद्योगको पुनरावृत्तिका लागि ठुलो अवरोध खडा गरिदिएका छन्। त्यसैले अन्तर्राष्ट्रिय उद्योगहरूले दक्षिण पूर्व एसिया, मेक्सिको आदि ठाउँमा नजिकै आउट सोर्सिङ गरेर चीन र अमेरिकाको व्यापारिक तनावले ल्याएको अनिश्चितताबाट बच्ने प्रयास गरेका छन्।

अमेरिकाले असीमित भन्सार कर बढाउनु दबाब दिएर व्यापार साझेदारलाई आफ्नो आज्ञाकारी बनाउन खोज्नु हो। त्यसको उद्देश्य व्यापार साझेदारलाई संवादमा आउन दबाब दिएको हुनसक्छ। तर दीर्घकालीन रूपमा हेर्दा त्यसले बजारका नियम तोड्दा विकृत बनाउने र अन्तर्राष्ट्रिय सम्बन्ध बिगार्ने स्पष्ट छ। अमेरिकी उपराष्ट्रपति जेडी भ्यान्सले अन्तर्वार्ता दिँदा चिनियाँहरूलाई ‘गाउँले’ भन्ने अनादरपूर्ण शब्द प्रयोग गरेपछि अमेरिकीलगायत विश्वका विभिन्न देशका जनताले आलोचना गरेका थिए। बीबीसीले युट्युबमा अमेरिकाको चीनप्रतिको भन्सार कर वृद्धिको समाचार धेरैपटक प्रसारण गरेको थियो। त्यसको कमेन्ट एरियामा चीनले अमेरिकी दबाबको विरोध गरेको थियो। त्यसलाई पहिलो पटक पूर्णरूपले समर्थन गरेको देखियो। यसबाट पनि अमेरिकी नीतिले अरू देशका जनताको मन जित्न नसकेको स्पष्ट हुन्छ। अमेरिकाको ‘बराबर भन्सार कर’ बढ्दै जान थालेपछि त्यसको प्रतिरोधमा चिनियाँ पक्षले आफ्नो अधिकार र हितको रक्षा गर्दै बहुलवादको संरक्षण गरेको छ।




केही वर्षदेखि चीनले सक्रिय भई अन्तर्राष्ट्रिय बजार विस्तार गर्दै विश्वका १५० भन्दा बढी देश र क्षेत्रको प्रमुख व्यापार साझेदार बन्न सफलता पाएको छ। यसबाहेक चीनले बीआरआई देशहरूबीचको व्यापारलाई पनि अघि बढाउँदै लगेको छ।

४० वर्षको सुधार तथा खुल्लापन नीतिका कारण भएको विकास र सञ्चयबाट चीन विश्वको दोस्रो ठुलो अर्थतन्त्र भइसकेको छ। चीन विश्वमा संयुक्त राष्ट्रसंघले निर्धारण गरेका सबै प्रकारका उद्योग भएको एकमात्र देश हो। लगातार १५ वर्षसम्म निर्माण उद्योगमा विश्वको पहिलो देश रहँदै आएको पनि छ। चीनको व्यावसायिक व्यवस्था र उद्योगसँग सम्बन्धित अन्य क्षमता सशक्त छ। आर्थिक विकासको आधार मजबुत एवं स्थिर छ। चीनको जनसंख्या १ अर्ब ४० करोड छ। बजार विशाल छ। प्रतिव्यक्ति जीडीपी १३ हजार अमेरिकी डलर नाघिसकेको छ। चिनियाँ समाज अहिले उपभोग क्षमताको स्तरोन्नतिको महत्वपूर्ण चरणमा पुगेको छ। बजार वृद्धिको पनि राम्रो संकेत देखिएको छ। लगानी र खपतको विशाल सम्भावनाले चिनियाँ अर्थतन्त्रको दिगो विकासलाई टेवा दिनेछ। उत्पादन व्यवसायमा उचित सहयोगात्मक संयोजनले गर्दा चिनियाँ उत्पादन वस्तुको अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक शक्ति उच्च छ।

केही वर्षदेखि चीनले सक्रिय भई अन्तर्राष्ट्रिय बजार विस्तार गर्दै विश्वका १५० भन्दा बढी देश र क्षेत्रको प्रमुख व्यापार साझेदार बन्न सफलता पाएको छ। यस बाहेक चीनले बीआरआई देशहरूबीचको व्यापारलाई पनि अघि बढाउँदै लगेको छ। यस वर्षको पहिलो तीन महिनामा बीआरआईमा पर्ने देशहरूसँगको चीनको निर्यात पोहोरको सोही अवधिको भन्दा ७.२ प्रतिशत अभिवृद्धि भएको छ। ती देशसँगको आयात-निर्यात चीनको सम्पूर्ण आयात
निर्यातको ५० प्रतिशत नाघिसकेको छ।

यसरी, बहुपक्षीय बजारको सिर्जना हुँदैछ, यसको अर्थ चीनको कुनै एक देशमा मात्र निर्यात निर्भरता घट्दै गइरहेको छ। अमेरिकाले यसपटक भन्सार करको कचिंगल मच्चाउनुअघि नै त्यहाँ हुने निर्यात् चीनको कुल निर्यातको १३ प्रतिशत मात्र थियो। अमेरिकाको आयात-निर्यात पनि कुल अन्तर्राष्ट्रिय व्यापारको १३ प्रतिशत मात्र छ। त्यसैले अमेरिकी पक्षले भन्सार कर बढाई ल्याएको नकारात्मक असरलाई प्रतिकार गर्ने चीन सरकार र चिनियाँ जनताको पूर्ण आत्मविश्वास र शक्ति छ।

अमेरिकाको एकपक्षीय रूपमा विश्व व्यापार संयन्त्रै पल्टाउने कुरालाई अमेरिकी लगायत विश्व जनताले राम्रो मानेका छैनन्। चीन विभिन्न विकासशील देशसँग एकसाथ अडिग रहेर अन्तर्राष्ट्रिय व्यवस्थाको रक्षा गरी स्थिर, सत्यवादी, व्यावहारिक वैश्विक व्यापारिक वातावरण स्थापना गर्न, विश्व अर्थतन्त्रको आत्मविश्वास पुनर्स्थापना गर्न र विश्वका सबै देशसँग नयाँ चरणको आर्थिक विकासको लाभ साझा रूपमा उपयोग गर्न चाहन्छ।



व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं।
परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं।
कटहरीया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरीया, रौतहट
मधेश प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं।
कटहरीया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरीया, रौतहट
मधेश प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं।
यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट
मधेश प्रदेश, नेपाल

# दलित महिलाको नेतृत्व सशक्तिकरणका लागि वीरगञ्जमा "महिला नेतृत्वको लागि अभियान" सुरु

बैशाख १७, वीरगञ्ज । महिला नेतृत्वको प्रवर्द्धन र अग्रपङ्क्तिका नेतृहरूको क्षमता अभिवृद्धिका उद्देश्यले दलित महिला संघ वीरगञ्ज पर्साद्वारा आयोजित "महिला नेतृत्वको लागि अभियान" - फ्रन्टलाइन नेटाहरूको क्षमता मूल्याङ्कन र सुदृढीकरण विषयक २ दिने कार्यक्रम शीर्षकको दुई दिने कार्यक्रमको समुद्घाटन भएको छ।



वीरगञ्जस्थित होटेल वीर गञ्ज गेटवेमा वडा सदस्य संगीता दासको अध्यक्षतामा सम्पन्न कार्यक्रमको औपचारिक उद्घाटन भूमि आयोग पर्साका अध्यक्ष तबरेज आलमले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि आलमले दलित महिला नेतृत्व सुदृढीकरणको महत्त्व उल्लेख गर्दै यस अभियानले समावेशी लोकतन्त्रमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

विशिष्ट अतिथिहरू भीम आर्मीका केन्द्रीय संयोजक सुनिल राम, सामाजिक अभियन्ता सलमा खातुन, र ब्रिज लाल पासवानले दलित महिला समुदायमा नेतृत्व विकास र सशक्तीकरणको आवश्यकता बारे मन्तव्य राखे । उनीहरूले यस्ता खाले कार्यक्रमहरूद्वारा महिलाहरूको आत्मविश्वास, नेतृत्व क्षमता र सामुदायिक सहभागिता अझ बलियो हुने धारणा व्यक्त गरे।

कार्यक्रमको आयोजना दलित महिला संघ वीरगञ्ज पर्साकी अध्यक्ष नीलारामको संयोजनमा गरिएको हो । कार्यक्रम सहयोग संस्था ओमेन फन्ड एसियाको सहकार्यमा सम्पन्न भएको हो। उद्घाटन सत्रमा दलित महिला सङ्घका सदस्य, विभिन्न नागरिक समाजका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू तथा स्थानीय अगुवा महिला नेतृहरूको उत्साहजनक उपस्थिति देखिएको थियो।

दुई दिने यस कार्यशालामा नेतृत्व विकास, नीति निर्माण प्रक्रियामा महिलाको सहभागिता, सामाजिक समावेशिता, तथा अधिकारसम्बन्धी विषयहरूमा प्रशिक्षण तथा छलफल हुने आयोजकले जानकारी दिएको छ । कार्यक्रमका दौरान सहभागी महिलाहरूले अनुभव आदानप्रदान तथा समूहगत छलफलद्वारा व्यवहारिक सीप र ज्ञान वृद्धि गर्ने अपेक्षा गरिएको छ ।

# कारमा लागूऔषध तस्करी गर्ने वीरगञ्जका सिद्धान्त र मोतिहारीका नितिश बारामा पक्राउ

बैशाख १७, वीरगञ्ज । अमलेखगञ्जबाट प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागू औषधसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्साको वीरगञ्ज - १६ का २६ वर्षीय सिद्धान्त पटेल र भारतको मोतिहारी जिल्लाको मलाहीका २३ वर्षीय नितिश कुमार ठाकुर रहेका छन् ।

उनीहरूको साथबाट प्रतिबन्धित लागूऔषध ट्रामाडोल हाइड्रो क्लोराइड क्याप्सुल २९ हजार ६५० पिस बरामद भएको इलाका प्रहरी कार्यालय अमलेखगञ्जका प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । मङ्गलवार दिउँसो वीरगञ्जबाट हेटौंडातर्फ जाँदै गरेको बीआर ०५ बीए ४८१७ नम्बरको कार अमलेखञ्जस्थित प्रहरी चेकपोस्ट अगाडि प्रहरी वरिष्ठ नायब निरीक्षक कार्की नेतृत्वको टोलीले रोकेर चेकजाँच गरेको थियो ।




त्यसक्रममा उक्त कारको पछाडिको सिटमुनि फल्स बटम बनाएर लुकाई छिपाई राखिएको अवस्थामा प्रतिबन्धित लागू औषध ट्रामाडोल हाइड्रो क्लोराइड क्याप्सुल २९ हजार ६५० पिस बरामद भएको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।

कारबाट लागूऔषध बरामद भएपछि कारसहित कारका चालक भारतीय नागरिक नितिश र कारामा सवार वीरगञ्जका सिद्धान्तलाई प्रहरीले नियन्त्रणमा लिएको पण्डितले बताए । पक्राउ परेका दुवै जनालाई प्रहरी हिरासतमा राखेर थप अनुसन्धान भइरहेको उनले जानकारी दिए।

# मधेस प्रदेशमा हल्कादेखि मध्यम वर्षाको सम्भावना

बैशाख १६, वीरगञ्ज । मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा पश्चिमी वायु, स्थानीय वायु र बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावाको प्रभावका कारण मधेस प्रदेशसहित विभिन्न क्षेत्रमा मौसम प्रभावित भएको छ। महाशाखाले दिएको जानकारीअनुसार मधेस प्रदेशमा आज दिउँसो सामान्यतया बदली रही हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

मधेस प्रदेशका एक वा दुई स्थानमा चट्याङसहित वर्षा हुने अनुमान गरिएको छ। यो मौसमी प्रभाव रातिसम्म पनि कायम रहने बताइएको छ। यसका साथै कोसी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागमा पनि बदलीसहित वर्षाको सम्भावना रहेको छ भने हिमाली क्षेत्रमा हल्का हिमपात हुन सक्ने महाशाखाले जनाएको छ।

मधेस प्रदेशका बासिन्दालाई वर्षा र चट्याङबाट जोगिन सतर्कता अपनाउन र आवश्यक तयारी गर्न स्थानीय प्रशासनले सुझाव दिएको छ। थप अपडेटका लागि मौसम पूर्वानुमान महाशाखाको जानकारीलाई निरन्तर अनुसरण गर्न अनुरोध गरिएको छ।


## डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुर, रौतहटको सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। सडक निर्माणमा नगाई हाम्रो ठूलो धनराशी खर्च भएको हुन्छ। त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । निर्माण भै सकेको सडकका विभिन्न खण्डमा अनाधिकृत रुपमा सडकसिमा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने, होडिङ्ग बोर्ड राख्ने, सडकमा सामग्री थुपार्ने, सवारी साधन धुने, पखाल्ने, पार्किङ्ग गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोर मैला फाल्ने जस्ता कार्यका कारण सडक संरचना, सवारी आवगमन तथा वरिपरिका वातावरणमा समेत प्रतिकुल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकल्लाप नगर्नु, नगराउनु हुन सम्बन्धीत सबैसग यो डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
माध्यमाञ्चल सडक निर्देशनालय
डिभिजन सडक कार्यालय
चन्द्रनिगाहपुर, रौतहट



## व्यक्तिगत घटना दर्ता सम्बन्धी सार्वजनिक सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं।

वृन्दावन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल



## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रौतहट, गौरको संदेश

- सिंचाईको समुचित सेवा लिऔं।
- नहरलाई स्वच्छ र सफा राखौं।
- नहरबाट पानीको बहाव लाई अवरोध नगरौं।
- सिंचाईको विकासमा सबै सहभागी बनौं।
- सिंचाईको समुचित फाइदा लिई कृषि उपज उत्पादनमा बृद्धि गरौं।

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय



## माटोपानी जोगाउँ हरियाली बढाउँ ।

चुरे क्षेत्रलाई संरक्षण गरी तराई मधेश जोगाउँ ।
जैविक संरक्षणका उपायहरु अपनाऔं ।
एकिकृत जलाधार व्यवस्थापन गरौं ।
जल जंगलको सदुपयोग गरौं ।

भु तथा जलाधार व्यवस्थापन कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

# वीरगञ्जमा आतिशबाजी र डिजे प्रतिबन्धको स्थानीयले विरोध गर्दै भने, "हाम्रो सांस्कृतिक र परम्परामाथि प्रहार हो"

बैशाख १७, वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा आतिशबाजी, पटका र राति १० बजेपछि डिजे प्रयोगमा लगाइएको प्रतिबन्धको निर्णयले स्थानीय स्तरमा तीव्र विरोध उत्पन्न भएको छ। जिल्ला प्रशासन कार्यालय पर्साले बुधवार प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको सरोकारवालाहरुको बैठकमार्फत आतिशबाजी, पटका र राति १० बजेपछि डिजे प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेपछि स्थानीय जनप्रतिनिधि, राजनीतिक व्यक्ति र सामाजिक अगुवाहरुले निर्णय मधेसी र हिन्दु संस्कृति विरोधी भएको भन्दै कार्यान्वयन गर्न नसकिने अडान लिएका छन्।



पर्साको सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष यसवन्त यादवले निर्णयलाई हचुवाको भरमा लिइएको र सामाजिकसांस्कृतिक दृष्टिकोणले असान्दर्भिक भएको टिप्पणी गरे। उनले भने, मधेसी समुदायको विवाह प्रायः ढिलो हुन्छ, राति १० बजेपछि बारात निस्कने परम्परा छ। यस्तोमा डिजेमा प्रतिबन्ध लगाउनु सान्दर्भिक छैन। उनले स्थानीय तहका सबै जनप्रतिनिधिहरुसँग छलफल नगरी केही सरोकारवालासँग मात्र बसेर गरिएको निर्णयलाई अस्वीकार गर्ने बताए। यादवले निर्णयलाई मधेसी र हिन्दु संस्कृतिमाथिको आक्रमणको रुपमा चित्रण गरे।

यस्तै, हिन्दुवादी नेता कृष्णा कुमार साहले नियमको कार्यान्वयनमा पक्षपात हुने आशा व्यक्त गरे। उनले भने, गरिब र पहुँचविहीन व्यक्तिहरुमाथि मात्र नियम लागु हुन्छ, तर पैसावाला र पहुँचवालाहरुले नियमको धज्जी उडाउँदै डिजे बजाउँछन्। उनले यस्ता गतिविधि भेटिएमा आफूले सशक्त विरोध गर्ने चेतावनी दिए। साहले निर्णयलाई हिन्दु संस्कृति विरोधी भएको आरोप लगाउँदै कार्यान्वयनमा चुनौती हुने दाबी गरे।

# अब सवारी लाइसेन्सको अवधि १० वर्ष

बैशाख १७, वीरगञ्ज । अब सवारी लाइसेन्सको अवधि १० वर्ष हुने भएको छ। सवारी लाइसेन्सको अवधि १० वर्ष हुने गरी प्रतिनिधि सभाले केही नेपाल ऐन संशोधन विधेयक पारित गरेको छ।



सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा लाइसेन्सको अवधि पाँच वर्ष छ। यसलाई बदलेर केही नेपाल ऐन संशोधन विधेयकमार्फत १० वर्ष बनाइएको हो। प्रचलित ऐनको दफा ५४ मा चालक अनुमति पत्रको वैधता सम्बन्धी व्यवस्था छ। दफा ५४ को उपदफा ३ मा भनिएको छ, चालक अनुमति पत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ ।! प्रचलित व्यवस्थामा संशोधन गर्दै विधेयकमा भनिएको छ, दफा ५४ को उपदफा ३ मा रहेका पाँच वर्षसम्म! भन्ने शब्दहरुको सट्टा दश वर्षसम्म! भन्ने शब्दहरु राखिएका छन् ।!

प्रस्तावसहितको विधेयक प्रतिनिधि सभाबाट पारित भएको हो। पारित विधेयक अनुसार नवीकरण गर्दा पनि दश वर्षका लागि नवीकरण हुनेछ।

# बाराको इटियाहीमा पूर्व मन्त्री सोनलले गरे शिव मन्दिरको शिलान्यास

बैशाख १७, वीरगञ्ज । बाराको विश्रामपुर गाउँपालिका वडा नम्बर ५ इटियाहीमा बुधवार शिव मन्दिर निर्माण कार्यको शिलान्यास गरिएको छ । मधेस प्रदेशका पूर्व मन्त्री तथा लोसपाका मधेस प्रदेश अध्यक्ष जितेन्द्र सोनलले मन्दिरको शिलान्यास गरेका हुन्।



पूर्व मन्त्री सोनलकै पहलमा मधेस प्रदेश सरकारबाट प्राप्त २५ लाख रूपैयाँको लागतमा इटियाहीमा शिव मन्दिरको निर्माण गर्न थालिएको सोनलका स्वकीय सचिव रमेश सर्राफले जानकारी दिए। शिलान्यास कार्यक्रममा बिश्रारामपुर गाउपालिकाका अध्यक्ष जुल्फीकार अलि भुटो, लोसपा नेता अजय गुप्ता, वडाध्यक्ष अमिरीलाल साह, पूर्व वडाध्यक्ष भोला साह सोनार, उमेश पण्डित , आत्माराम गुप्ता , सुरेन्द्र साह , गोपी चन्द साह, विजय पण्डित, दीपेन्द्र सरार्फ, हरेराम द्विवेदी, राजेश तिवारी लगायताको स्थानीयको उपस्थिति रहेको थियो।


व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्र दर्ता गरौं गराऔं।

ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरैया, रौतहट
मधेश प्रदेश, नेपाल



व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्र दर्ता गरौं गराऔं।

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मौलापुर, रौतहट
मधेश प्रदेश, नेपाल



व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्र दर्ता गरौं गराऔं।

राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल



व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्र दर्ता गरौं गराऔं।

देवाही गोनाही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रेमपुर गोनाही, रौतहट
मधेश प्रदेश, नेपाल





बिनोद पटेल
वृन्दावन नगरपालिका कार्यालय
बिश्रामपुर,रौतहट



सम्पादक : पुष्पराज यादब प्रकाशक : दिलीप कुमार पाण्डे
मुख्य कार्यालय : गौर नगरपालिका–७, रौतहट, मुद्रक :- हेमा पब्लिकेशन गौर, pradeshsamachardainik@gmail.com